कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
# स्वास्थ्य सेवा कार्यालय
दैलेख, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना ।
(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०५।०८ गते)

दैलेख जिल्ला अस्पतालको सेवा सुदृढीकरण तथा व्यबस्थापनको लागि देहायका पदमा सेवा करार पदपूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित पदमा पदको लागि योग्यता पुगेका नेपाली नागरिकहरूले यस कार्यालयको निर्धारित ढाँचाको फारम https://hsodailekh.gov.np/ बाट डाउनलोड गरी उक्त फारम भरी यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रित नपुगेका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

१. पद सम्बन्धी विवरण

| विज्ञापन नं. | पद | सेवा | तह | न्युनतम शैक्षिक योग्यता | माग पद संख्या | दरखास्त शुल्क रु. |
|---|---|---|---|---|---|---|
| १/२०८०।०८१ | अस्पताल व्यबस्थापन अधिकृत (सेवा करार) | स्वास्थ्य सेवा | सातौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट Health Care Management बिषयमा कम्तिमा पनि स्नातक उत्तीर्ण भई सम्बन्धीत परिषद्मा दर्ता भएको। | १ (एक) | १०००/– |

२. परीक्षाको किसिम : लिखित तथा अन्तरवार्ता।

३. दरखास्त दिने स्थान : स्वास्थ्य सेवा कार्यालय दैलेख।

४. दरखास्त दर्ता गर्ने अन्तिम मिति : २०८०।०५।२२ गते।

५. लिखित तथा अन्तवार्ता परीक्षा हुने मिति : २०८०।०५।२५ गते। (स्वास्थ्य सेवा कार्यालय, दैलेख)

६. उमेर हदः २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

७. दरखास्तको माध्यम र दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरुः
उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनुभवको प्रमाणित प्रतिलिपि र परीक्षा दस्तुर रु. १०००/– (एक हजार) राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, दैलेखमा रहेको राजश्व खाता नं. १००००२०१०१०००६ राजश्व शिर्षक नम्बर १४२२४ (स्वास्थ्य सेवा कार्यालय, दैलेख कार्यालय कोड नं. ३५००२६७०१६) मा जम्मा गरेको बैंक भौचर सहित स्वास्थ्य सेवा कार्यालय, दैलेखमा वा यस कार्यालयको इमेल ठेगाना hsodailekh@gmail.com मा पेश गर्नु पर्नेछ।

८. तलब भत्ता : स्वास्थ्य सेवा अधिकृत सातौं स्तरको शुरु तलब स्केल र नियमानुसार पाउने चाडपर्व खर्च, पोशाक र महंगी भत्ता रकम।

९. सेवा करार अवधि : २०८१ असाढ मसान्त सम्म। (आगामी बर्षमा उक्त शिर्षकमा कार्यक्रम तथा बजेट प्राप्त भएमा सेवा नविकरण हुने गरि)

१०. दरखास्तवाला प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने ।

११. सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ। अन्य कुराहरु कार्यालय समयमा यस कार्यालयको ०८९–४१०११७/९८५८०४४९९० नम्बर मा सम्पर्क गरी बुझ्न सकिनेछ।

नि.स्वास्थ्य सेवा व्यवस्थापक
स्वास्थ्य सेवा कार्यालय, दैलेख।